# हेटौंडा उपमहानगरपालिका

# वडा नं. २

# बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौंडा उपमहानगरपालिका
वडा नं. २ को कार्यालय

# विषय सूची


खण्ड १ परिचयः ........ 3

**१.१ वडाको परिचय** ........ 3

**१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता** ........ 3

**१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था** ........ 3

खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा ........ 4

**२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ........ 4

**२.२ विद्‍यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था** ........ 5

२.२.१ नेपालको संविधान ........ 5

२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४ ........ 5

२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५ ........ 6

२.२.४ दिगो विकास लक्ष्य ........ 6

२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ ........ 7

२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ........ 7

२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ........ 7

२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२ ........ 7

२.२.९ पन्धौं योजना (२०७६/७७–२०८१/८२) ........ 8

**२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि** ........ 8

२.३.१ बालमैत्री ........ 8

२.३.२ बालमैत्री स्थानीय शासन ........ 8

**२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र** ........ 9

२.४.१ बाल बचाउ ........ 9

२.४.२ बाल संरक्षण ........ 9

२.४.३ बाल विकास ........ 10

२.४.४ बाल सहभागिता ........ 10

**२.५ बाल समूह सम्बन्धी विवरण** ........ 10

**२.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता** ........ 10

**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण** ........ 11

**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण** ........ 11

खण्ड ३ वडाको जनसंख्या ........ 12

**३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या** ........ 12

**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या** ........ 12

**३.३ बालबालिकाको जनसंख्या** ........ 14

**३.४ भाषाका आधारमा जनसंख्या** ........ 14

**३.५ जन्मदर्ता सम्बन्धि विवरण** ........ 15

**३.६ बाल विवाहको अवस्था** ........ 15

३.६.१ विवाह सम्बन्धि विवरण ........ 15

३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण ........ 15

३.६.३ बाल विवाह सम्बन्धि विवरण ........ 16

**३.७ प्रति परिवार औषत बालबालिका संख्या** ........ 16

खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य ........ 17

**४.१ सुरक्षित मातृत्व कार्यक्रम** ...... 17
**४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण** ...... 17
**४.३ बालबालिकामा पोषणको स्थिति** ...... 18
४.३.१ स्तनपात सम्बन्धी विवरण ...... 18
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण ...... 18
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तीनको उपचार व्यवस्था** ...... 18
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य** ...... 19
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण** ...... 19
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण ...... 20
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण ...... 20
**४.७ टिडी खोप सम्बन्धी विवरण** ...... 20
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण** ...... 21
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण** ...... 21
**४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण** ...... 22
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण** ...... 22
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका** ...... 23
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण** ...... 23
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था** ...... 23
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण** ...... 24
खण्ड ५ वडाको शैक्षिक अवस्था ...... 26
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण** ...... 26
**५.२ शैक्षिक संस्थाहरुको विवरण** ...... 26
**५.३ छात्रछात्राको विवरण** ...... 26
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण ...... 26
५.३.२ अध्ययनरत बिद्यार्थी विवरण ...... 27
**५.४ विद्यालय पुग्न लाग्ने समय** ...... 28
**५.५ विद्यालयमा खानेपानीको सुविधा** ...... 28
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था** ...... 29
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण** ...... 29
**५.८ विद्यालय भर्ना नभएका बालबालिका** ...... 29
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण** ...... 29
**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण** ...... 30
खण्ड ६ वडामा बाल संरक्षण ...... 31
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण** ...... 31
**६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण** ...... 31
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण** ...... 31
**६.४ बालश्रमिक सम्बन्धी विवरण** ...... 32
**६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण** ...... 32
**६.६ सडक बालबालिकाको विवरण** ...... 32
**६.७ कुलतमा लागेका बालबालिकाको विवरण** ...... 32

**६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण** ........ 33
**६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण** ........ 33
**६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण** ........ 33
**६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण** ........ 33
खण्ड ७ वडाको आर्थिक विकास ........ 34
**७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण** ........ 34
**७.२ पारीवारिक जीविकोपार्जन सम्बन्धी विवरण** ........ 34
**७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण** ........ 35
**७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण** ........ 35
खण्ड ८ वडाको प्रकोप अवस्था ........ 36
**८.१ प्रकोपको विवरण** ........ 36
**८.२ प्रकोपबाट भएको क्षतिको विवरण** ........ 36
**८.३ बाल अपराधको विवरण** ........ 36

# खण्ड १ परिचयः

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर २ को क्षेत्रफल २.३३ वर्ग कि.मी. रहेको छ। यस वडाको पश्चिम सिमानामा त्रिभुवन राजपथ, दक्षिण सिमानामा कान्ति राजपथ, पुर्व र उत्तर सिमानामा मकवानपुरगढि गाउँपालिका रहेको छ। राप्ति खोलाले पश्चिम तर्फको सिमानासंगै आफूलाई फैलाएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १,८११ रहेको छ जस्मा ९४४ बालक र ८६७ बालिका रहेका छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४७.८७ प्रतिशत बालिका र ५२.१३ प्रतिशत बालकको रहेका छन्।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. २ साबिक हेटौंडा उपमहानगरपालिकाको वडा नं. २ र ३ मिलेर बनेको छ। यस वडाको मुख्य बस्तिहरुमा नगरपालिका रोड, मनकामना चोक, संगम चोक, सानोपोखरा, बुद्ध चोक र चौकि टोल हुन। यस वडासंगै राप्ति नदिको तट भएर त्रिभुवन राजपथ गएको छ। यहाँको ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बनस्खण्डी र जलेश्वर आदी रहेको छ। यस वडामा प्रदेश स्तरिय र जिल्ला स्तरिय सरकारि तथा अन्य संघ संस्थाहरु रहेका छन्।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा व्यापार-व्यवसायको क्षेत्रमा सबैभन्दा धैरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ४२% परिवार छन् भने २३% सेवा-नोकरीको क्षेत्रमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ३ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु ६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या २३४ रहेको छ र ती मध्ये ३५ प्रतिशत महिला छन्।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न

- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा

व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन" मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका

लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर

सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

#### २.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

### २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

#### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

#### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा

कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

### २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

#### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

#### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धी विवरण

यस वडाको रहेको विभिन्न बाल समूहहरु, तिनिहरुको ठेगाना र सहभागि बालबालिकाहरुको विवरण तपशिल अनुसारको रहेको छः

| क्र.सं. | बाल समूहको विवरण | बालिका | बालक | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा आधारित बालसमूह | ४० | ३५ | ० | ७५ |
| २ | समुदायमा आधारित बालसमूह | १७२ | १८८ | ० | ३६० |
| | जम्मा : | २१२ | २२३ | ० | ४३५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता

यस वडाको शासकीय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | वडाको जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समिति | ३ | ३ | ६ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| ५ | बाल समूह -ओटामा | २२३ | २१२ | ४३५ |
| ६ | वडा बाल समूह संजाल | १२ | १३ | २५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | नाम थर | पद | प्रतुनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बिष्णु गोपाल महर्जन | अध्यक्ष | २ नं वडा अध्यक्ष | |
| २ | श्री सुरज बर्तौला | सदस्य | २ नं वडा सदस्य | |
| ३ | श्री ईन्द्र प्रसाद रिजाल | सदस्य | २ नं वडा सदस्य | |
| ४ | श्री मैया परियार | सदस्य | २ नं वडा सदस्य | |
| ५ | श्री मञ्जु गौतम | सदस्य | २ नं स्वास्थ प्रमुख | |
| ६ | श्री मोहन प्रसाद शर्मा | सदस्य | प्र.अ. सिद्धार्थ मा.वि. | |
| ७ | श्री अमुल श्रेष्ठ | सदस्य | स.प्र.अ. बालजागृती ई. स्कूल | |
| ८ | श्री सावन सुबेदी | सदस्य | ज्ञानोदय बालबाटिका | |
| ९ | श्री श्रृजना पण्डित | सदस्य | महिला स्वास्थ स्वयम सेविका | |
| १० | श्री सानी कान्छि बरूवाल | सदस्य | टो.बि.स. प्रतिनिधि | |
| ११ | श्री कृशाङ्गी अर्याल | सदस्य | बाल संजाल (बालिका) | |
| १२ | श्री भोजराज सन्जेल | सदस्य | बाल संजाल (बालक) | |
| १३ | श्री राम प्रसाद गुरागाईं | सदस्य सचिब | | |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण


बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौंडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ बालबालिका उपस्थित घरपरिवार र घरमुली संख्या

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा रहेको जम्मा १,३७० घरपरिवारमा मात्र बालबालिकाको उपस्थिति रहेको पाईयो। उक्त घरपरिवार मध्ये ४३६ महिला घरमुली र ९३४ पुरुष घरमुली रहेको पाईयो। लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार महिला घरमुली ३१.८ प्रतिशत र पुरुष घरमुली ६८.२ प्रतिशत रहेको छ।

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

लिङ्गको आधारमा यस वडाको कूल जनसंख्या ६,७९१ मध्ये महिलाको जनसंख्या ३,३९८ र पुरुषको जनसंख्या ३,३९३ रहेको छ। उक्त जनसंख्याको प्रतिशत तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

पुरुषको तुलनामा महिलाको जनसंख्या अधिक रहेको छ।

उमेर समूहको आधारमा सबैभन्दा बढि जनसंख्या भएको उमेर समूह ३१-४० समूह (१,२८८) हो। उमेर समूह अनुसार जनसंख्या विवरण निम्न रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | पालिका |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | १.२४% | १.१५% | ८४ | ७८ | १६२ |
| २ | १ देखि २ वर्ष | ०.६५% | ०.५३% | ४४ | ३६ | ८० |
| ३ | ३ देखि ५ वर्ष | १.५८% | २.२५% | १०७ | १५३ | २६० |
| ४ | ६ देखि १० वर्ष | ३.५०% | ४.३३% | २३८ | २९४ | ५३२ |
| ५ | ११ देखि १८ वर्ष | ५.८०% | ५.६४% | ३९४ | ३८३ | ७७७ |
| ६ | १९ देखि २५ वर्ष | ५.६४% | ५.४३% | ३८३ | ३६९ | ७५२ |
| ७ | २६ देखि ३० वर्ष | ५.८६% | ४.३९% | ३९८ | २९८ | ६९६ |
| ८ | ३१ देखि ४० वर्ष | ९.६५% | ९.३२% | ६५५ | ६३३ | १२८८ |
| ९ | ४१ देखि ५० वर्ष | ६.३६% | ६.७४% | ४३२ | ४५८ | ८९० |
| १० | ५१ देखि ६० वर्ष | ४.६१% | ५.०८% | ३१३ | ३४५ | ६५८ |
| ११ | ६१ देखि ७० वर्ष | २.९७% | ३.३०% | २०२ | २२४ | ४२६ |
| १२ | ७१ देखि ८० वर्ष | १.४२% | १.२७% | ९६ | ८६ | १८२ |
| १३ | ८१ देखि ९० वर्ष | ०.६५% | ०.४६% | ४४ | ३१ | ७५ |
| १४ | ९१ देखि १०० वर्ष | ०.१०% | ०.०७% | ७ | ५ | १२ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.०१% | ०.००% | १ | ० | १ |
| | **जम्मा :** | **५०.०४%** | **४९.९६%** | **३३९८** | **३३९३** | **६७९१** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकामा १०० वर्ष माथिको संख्या १ जना महिला रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो भने ९१ देखि १०० वर्ष समूहमा १२ जना मात्र छन् जस्मा महिला ७ जना छन्।

जातिगत आधारमा हेर्दा यस वडामा सबैभन्दा धैरै परिवार संख्या ब्राहमण/क्षेत्री जातिको ६८० (४९.६%) रहेको छ। दोस्रोमा जनजाति ५३१ (३८.८%) परिवार रहेको छ। अन्य जातिहरुको परिवार संख्या सहित विस्तृत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | जात/जाति | परिवार प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ४९.६% | ६८० |
| २ | जनजाति | ३८.८% | ५३१ |
| ३ | दलित | ३.२% | ४४ |
| ४ | मधेसी | ८.४% | ११५ |
| ५ | अन्य | ०.०% | ० |
| | | **जम्मा:** | **1370** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या १,८११ मध्ये ८६७ बालिका र ९४४ बालक रहेको छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४७.८७ प्रतिशत बालिका र ५२.१३ प्रतिशत बालकको संख्या रहेको छ। बालकको संख्या बालिकाको भन्दा धेरै छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | १.२४% | १.१५% | ८४ | ७८ | १६२ |
| २ | १ देखि २ वर्ष | ०.६५% | ०.५३% | ४४ | ३६ | ८० |
| ३ | ३ देखि ५ वर्ष | १.५८% | २.२५% | १०७ | १५३ | २६० |
| ४ | ६ देखि १० वर्ष | ३.५०% | ४.३३% | २३८ | २९४ | ५३२ |
| ५ | ११ देखि १८ वर्ष | ५.८०% | ५.६४% | ३९४ | ३८३ | ७७७ |
| | | | **जम्मा :** | **८६७** | **९४४** | **१,८११** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथि उल्लेखित कूल महिला पुरुष जनसंख्याको १२.७७ प्रतिशत बालिका र १३.९० प्रतिशत बालकको संख्या रहेको छ। यस वडामा ११ देखी १८ वर्ष उमेर समूहमा बालबालिका अन्य समूह भन्दा धेरै छन्।

### ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धेरै जनसंख्या नेपाली ७५६ (५५.१८%) भाषा बोल्दछन् त्यसपछि नेवारी २६२ (१९.१२%) भाषी रहेका छन्। भाषाको आधारमा जनसंख्या तलको तालिकामा उल्लेख गरिएको छः

| भाषा/भाषी | | | |
|---|---|---|---|
| SN | भाषाहरु | भाषा/भाषी प्रतिशत | भाषा/भाषी संख्या |
| 1 | नेपाली | ५५.१८% | ७५६ |
| 2 | तामांग | १०.५८% | १४५ |
| 3 | चेपांग | ०.००% | ० |
| 4 | गुरुङ | ०.९५% | १३ |
| 5 | मगर | ४.०१% | ५५ |
| 6 | नेवारी | १९.१२% | २६२ |
| 7 | भोजपुरी | ६.९३% | ९५ |
| 8 | मैथली | १.०२% | १४ |
| 9 | हिन्दी | ०.००% | ० |
| 10 | शेर्पा | ०.००% | ० |
| 11 | राई | ०.५१% | ७ |
| 12 | लिम्बु | ०.०७% | १ |
| 13 | मुस्लिम | ०.२२% | ३ |
| 14 | अंग्रेजी | ०.००% | ० |

| 15 | बजिका | १.३९% | १९ |
|---|---|---|---|
| 16 | उत्तर नआएको | ०.००% | ० |
| | | **Total :** | **१३७०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.५ जन्मदर्ता सम्बन्धि विवरण

बालबालिका भएका घरपरिवारहरु मध्ये १,००० (७३ प्रतिशत) परिवारले मात्र जन्म दर्ता गरेका छन्। यस वडामा रहेका ५ वर्ष मूनिका ४८४ बालबालिकाहरु मध्ये ४१८ जना (८६.३६ प्रतिशत) को मात्र जन्मदर्ता भएको देखिन्छ भने जन्मदर्ता नभएको बालबालिका ६६ जना (१३.६४ प्रतिशत) रहेको छ। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | बालिका | बालक | लैंङ्गिक अल्पसंख्यक | जम्मा (प्रतिशतमा) |
|---|---|---|---|---|
| जन्म दर्ता गरेको | ४३.१८% | ४३.१८% | ०.००% | ८६.३६ |
| जन्म दर्ता नगरेको | ५.९९% | ७.६४% | ०.००% | १३.६४ |
| **जम्मा** | | | | **१००** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार बालिकाको तुलनामा बालकको जन्मदर्ता धेरै नभएको देखिन्छ।

### ३.६ बाल विवाहको अवस्था

#### ३.६.१ विवाह सम्बन्धि विवरण

विगत ३ वर्ष भित्र यस वडामा जनम्मा ७९ घरपरिवारमा विवाह भएको थियो भने विवाह भएको महिला पुरुषको संख्या क्रमशः ६७ र ६२ गरी जम्मा १२९ जनाको विवाह भएको पाईयो। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवाह भएको महिला वा पुरुष | प्रतिशत | विवाहिता संख्या |
|---|---|---|---|
| १ | महिला | ५२% | ६७ |
| २ | पुरुष | ४८% | ६२ |
| ३ | लैंङ्गिक अल्पसंख्यक | ०% | ० |
| | **जम्मा परिवार:** | **१००%** | **१२९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा सबैभन्दा धेरै विवाह भएको उमेर समूह २६-३० रहेको छ जुन उमेर समूहमा ३० महिला र २९ पुरुष गरी ५९ जनाले विवाह गरेका छन्। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| लिङ्ग | बिगत ३ वर्ष भित्र यस परिवारमा बिवाहितको उमेर | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १६ देखि १८ वर्ष | १९ देखि | २१ देखि | २६ देखि | ३१ देखि | ३६ देखि | ५० वर्ष माथि | |

| | | २० वर्ष | २५ वर्ष | ३० वर्ष | ३५ वर्ष | ४० वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | १ | ६ | २९ | ३० | १ | ० | ० | ० |
| पुरुष | १ | २ | १४ | २९ | १३ | २ | १ | २ |
| **जम्मा** | **२** | **८** | **४३** | **५९** | **१४** | **२** | **१** | **१२९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विवाह उमेरलाई हेर्दा ३५ वर्ष माथि महिलाको विवाह भएको देखिएन भने पुरुषको ५० वर्ष माथि पनि विवाह भएको देखियो।

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण

बिगत ३ वर्ष भित्रको विवाह तालिकालाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या १० जना छन् जस्मा ७ महिला र ३ पुरुष छन्। १६-१८ वर्ष उमेर समूह र १९-२० वर्ष उमेर समूहका क्रमशः २ र ८ जनाको उमेर नपुगि विवाह भएको देखिन्छ। उमेर समूहलाई हेर्दा बालकको भन्दा बालिकाको विवाह कम उमेर भएको देखिन्छ। यस वडामा विगत ३ वर्षमा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ।

## ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १८११ रहेको छ। वडाको कूल जनसंख्याको २६.६७ प्रतिशत बालबालिका छन्। जस्मा बालिका ८६७ (१२.७७%) र बालक ९४४ (१३.९०%) रहेका छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ।

यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३२ रहेको छ।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

यस वडामा रहेको सामुदायिक स्वास्थ्य संस्थाको नाम बनश्खण्डी शहरी स्वास्थ्य चौकी हो जसले तोकिएको सुरक्षित मातृशिशु कार्यक्रम संचालन गरिरहेको छ। यहाँ वडाका गर्भवति महिलाहरु स्वास्थ्य जाँच तथा नवजात शिशुको खोप तथा स्वास्थ्य जाँचकोलागि आउने गर्दछन्।

सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत गर्भवति महिलाको नियमित स्वास्थ्य जाँच, टिडी खोप लगाउने, आईरन चक्की खाने, प्रसुती सम्बन्धि सल्लाह लिने र स्वास्थ्य संस्थामा प्रसुती गराउने, नवजात शिशुको र सुत्केरी आमाको नियमित स्वास्थ्य जाँच र शिशुलाई विगौती दुध सेवन र खोप लगाउने जस्ता कार्यक्रमहरु यस वडामा नियमित संचालनमा रहेका छन्।

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या १६४ रहेको छ जस्मा बालिका ८६ र बालक ७८ रहेको छ। प्रतिशतमा निम्नानुसार छन्:

| | | | |
|---|---|---|---|
| १ | बालिका | ५२.४४% | ८६ |
| २ | बालक | ४७.५६% | ७८ |
| ३ | यौनिक तथा लैङ्गिक अल्पसंख्यक | ०.००% | ० |
| | **जम्मा :** | **१००.००%** | **१६४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जीवित जन्म भएका १६४ शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा ७०.७३ प्रतिशत शिशुहरुले जन्मिने वित्तिकै बिगौती दुध खान पाएका थिए भने जन्मिने वित्तिकै बिगौती दुध खान नपाएका शिशुहरु २१.९५ प्रतिशत रहेको पाईयो।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार १,३७० रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,२९५ रहेका छन् अर्थात जम्मा घरपरिवारको ९४.५३ प्रतिशत घरपरिवारलाई बाल रोग तथा खोपको बारेमा जानकारी भएको पाईयो भने ७५ घरपरिवारलाई उक्त जानकारी नभएको पाईयो।

एक वर्ष मुनिका बालबालिकाको संख्या ७९ (३९ बालिका र ४० बालक) जना छन्। खोप लगाउने समयावधि फरक फरक हुन्छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला-१ |
|---|---|---|---|---|---|
| बालिका | 39 | 36 | 30 | 26 | 9 |
| बालक | 36 | 34 | 29 | 27 | 14 |
| **जम्मा:** | 75 | 70 | 59 | 53 | 23 |

| प्रतिशत: | 94.94% | 88.61% | 74.68% | 67.09% | 29.11% |
|---|---|---|---|---|---|

माथिको तालिका अनुसार बि.सि.जी. खोप लगाउने बालबालिकाहरु ७५ जना अर्थात ९४.९४ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु ७० अर्थात ८८.६१ प्रतिशत रहेका छन्। थप खोप विवरण तल उल्लेख गरिएको छः

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी. भी. | रोटा | पोलियो | एफ.आइ .पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 19 | 32 | 35 | 31 | 29 | 2 | 1 |
| बालक | 28 | 31 | 31 | 29 | 31 | 1 | 1 |
| जम्मा: | 47 | 63 | 66 | 60 | 60 | 3 | 2 |
| प्रतिशतः | 59.49% | 79.75% | 83.54% | 75.95% | 75.95% | 3.80% | 2.53% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.३ बालबालिकामा पोषणको स्थिति

५ वर्ष मुनिका बालबालिकालाई पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र साग सब्जी) खुवाउने परिवार ३८२ रहेको छ अर्थात ९८.९६ प्रतिशत र नखुवाउने ४ जना अर्थात १.०४ प्रतिशत रहेको छ। समग्र हेर्दा अहिले पनि पोषिलो खाना सतप्रतिशत बालबालिकाले खान पाईरहेका छैनन्। पोषण अन्तर्गत शिशुहरुको स्तनपान र कुपोषणको अवस्थालाई तल बुंदागत रुपमा विश्लेण गरिएको छ।

### ४.३.१ स्तनपात सम्बन्धी विवरण

यस वडाका १ वर्ष मुनिका शिशुको संख्या ११० रहेको छ भने ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु ९९ (९०.०० प्रतिशत) रहेको छ। ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएका शिशु शुन्य रहेको छ। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

| **१ वर्ष सम्मका शिशुको संख्या** | **६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका** | | **६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको)** |
|---|---|---|---|
| **शिशुको संख्या** | **शिशुको संख्या** | **प्रतिशत** | **शिशुको संख्या** |
| ११० | ९९ | ९०.० | ० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

९९ (९०.० प्रतिशत) शिशुलाई ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका पाईएको छ।

### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

कुपोषित बालबालिका नभएको पाईयो।


## ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तीनको उपचार व्यवस्था

यस वडामा देखा पर्ने गरेको मुख्य रोगहरुमा पानीजन्य रोगहरु बढि देखिने गरेको पाईयो जस्तै जिआइडिया (आऊँ), जुका, झाडा/वान्ता, विषम ज्वरो (टाईफ़ाइड्), कमल पीत (जन्डीस) र हैजा।

यस वडामा जम्मा १९ जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। फोक्सो तथा न्यूमोनिया रोग १४ जना, मुटु रोग २ जनालाई, टिबी १ जना, छारे रोग १ जना र मृगौला सम्बन्धि रोग १ जनालाई लागेको पाईयो। रोग लागे पनि मृत्य कसैको नभएको पाईएको छ।

### ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा अस्पताल (निजी/सरकारी) पहिलो स्थानमा रहेको छ। उपचारको लागि १३६१ (९९.३४ प्रतिशत) घरपरिवार अस्पतालमा जाने गर्नुहुन्छ भने १ (०.०७ प्रतिशत) घरपरिवार लामा/धामी/झाँक्रीमा भर पर्नु हुन्छ। अन्य उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

स्थानीय स्वास्थ्य संस्था/चौकीमा उपचारकालागि जाने घरपरिवारको संख्या ३ अर्थात ०.२२ प्रतिशत र नीजि क्लिनिकमा जाने घरपरिवारको संख्या ५ अर्थात ०.३६ प्रतिशत रहेको छ।

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ९३.५८ प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समयमा उक्त केन्द्रमा पुग्न सकिने रहेछ भने ६.४२ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेटको समय लाग्ने रहेछ। यस वडाको घरपरिवारहरुलाई उपचार केन्द्रमा पुग्ने समय बढिमा आधा घण्टा लाग्ने रहेछ।

बालबालिका विरामी हुँदा तुरुन्त उपचार गर्न सक्ने सामर्थ्य अर्थात आर्थिक अवस्था विश्लेषण गर्दा ६७.३ प्रतिशत परिवारको अवस्था राम्रो भएको र ३२.७ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको छ।

### ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र

नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण


विगत १ वर्षमा यस वडाका जम्मा २९ घरपरिवारमा गर्भवती महिला भएको पाईयो। ती घरपरिवार मध्ये ४ पटक भन्दा बढी गर्भजाँच गराउने परिवारको संख्या १८ छ भने एक पटक मात्रै गर्भजाँच गराउने परिवार २ वटा रहेको पाईयो तर गर्भ जाँच नगराउने घरपरिवार संख्या पाईएन। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भजाँच गराउने परिवारको संख्या क्रमशः ४ र ५ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धि विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ९६.०७% | १८ |
| ३ पटक सम्म जाँच गर्ने | १३.७९% | ४ |
| २ पटक सम्म जाँच गर्ने | १७.२४% | ५ |
| १ पटक मात्रै जाँच गर्ने | ६.९०% | २ |
| गर्भवती जाँच नगर्ने | ०.००% | ० |
| **जम्माः** | १००.००% | २९ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा सत प्रतिशत स्वास्थ्य जाँच गरेको पाईयो। प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण तल उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | ९६.९% | २८ |
| २ | १ पटक मात्र लगाउने | ३.४% | १ |
| ३ | खोप नलगाउने | ०.०% | ० |
| | **जम्मा:** | १००.०% | २९ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा २९ जना गर्भवति महिलाहरु मध्ये सबैभन्दा धैरे २ पटक (९६.९ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने सबैभन्दा थोरै १ पटक (३.४ प्रतिशत) सम्म खोप लगाएको पाईयो।

## ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या २८ र २०० चक्की सम्म प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या १ रहेको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ९६.५५% | २८ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | ३.४५% | १ |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | ०.००% | ० |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ६ | आइरन चक्की सम्म प्रयोग नगर्ने | ०.०% | ० |
| | **जम्मा:** | १००.०% | २९ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ९६.५५ प्रतिशत गर्भवती रहेका छन्।

## ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएका २९ जना गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा जम्मा १० जना गर्भवतिहरुले मात्र यसै वर्ष सुत्केरी भएको जानकारी गराएका छन्। गर्भवतीहरुको सुत्केरी अवस्थालाई तल प्रस्तुत गरिएको छः

| क्र.सं. | गर्भको अवस्था | गर्भवति महिलाको प्रतिशत | गर्भवति महिलाको संख्या |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सुत्केरी भएको | ३४.५% | १० |
| २ | सुत्केरी नभएको | ६५.५% | १९ |
| ३ | गर्भाखेर गएको | ०.०% | ० |
| ४ | मृत्यु भएको | ०.०% | ० |
| | **जम्मा:** | **१००.०%** | **२९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

गर्भवतीहरुको प्रसुति गराएको स्थानलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | प्रसुति भएको स्थान | प्रसुति प्रतिशत | प्रसुति संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा | १००.०% | १० |
| २ | घरमा स्वास्थ्यकर्मीको सहयोगमा | ०.०% | ० |
| ३ | घरमा स्वास्थ्यकर्मीको सहयोग बिना | ०.०% | ० |
| | **जम्मा:** | **१००.०%** | **१०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ९५.३३ प्रतिशत नियमित तौल लिने गरिएको छ भने ४.६७ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ। तलको तालिकामा प्रतिशत र संख्या उल्लेख गरिएको छः

| २ वर्ष सम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको छ/छैन | | |
|---|---|---|
| **तौल सम्बन्धी विवरण** | **प्रतिशत** | **संख्या** |
| तौल लिने गरेको | ९५.३३% | ३६८ |
| तौल लिने नगरेको | ४.६७% | १८ |
| **जम्मा** | **१००.०%** | **३८६** |

(श्रोतः हेटौंडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

## ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा १०० प्रतिशत बालबालिकाहरुलाई भिटामिन 'ए' र १०० प्रतिशत बालबालिकाहरुलाई जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था |
|---|

| लिङ्ग | भिटामिन 'ए' खुवाएको | | भिटामिन 'ए' नखुवाएको | | जुकाको औषधि खुवाएको | | जुकाको औषधि नखुवाएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | १००% | २१७ | ० | ० | १००% | २१७ | ० | ० | २१७.०० |
| बालक | १००% | २४० | ० | ० | १००% | ० | ० | ० | २४०.०० |
| **जम्मा** | | | | | | | | | ४५७ |


(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

### ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका भएको पाईएन।

### ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण

यस वडाका १३६८ (९९.८५%) घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन् भने २ (०.१५%) परिवारले प्रयोग गर्दैनन्। लगभग सत प्रतिशत घरपरिवारमा आयोडिनयुक्त नुनको प्रयोग गरिन्छ। तलको तालिकामा उक्त प्रतिशतलाई प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


### ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था

यस वडाका कूल परिवार मध्ये १३६९ परिवार अर्थात ९९.९३% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने १ परिवार अर्थात ०.०७% ले कच्ची शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको चार्टमा उल्लेख गरिएको छः

| घरपरिवारमा शौचालयको अवस्था | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **शौचालयको प्रकार** | **घरपरिवार प्रतिशत** | **घरपरिवार संख्या** | **कैफियत** |
| १ | कच्ची शौचालय | ०.०७% | १ | |
| २ | पक्कि(वाटरसिल्ड) | ९९.९३% | १३६९ | |
| ३ | वायो ग्याँस जडान भएको | ०.००% | ० | |
| ४ | ढलमा जडान भएको | ०.००% | ० | |
| ५ | शौचालय नभएको | ०.००% | ० | |
| | **जम्मा:** | १००.००% | १३७० | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका सबै घरपरिवारमा हातधुने व्यवस्था रहेको छ। हातधुने व्यवस्था भए पनि त्यसको व्यवहारिक प्रयोग कस्तो छ भन्नेबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


विभिन्न अवस्थामा हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन्। खाना खानु अघि हात धुने ३.७३ प्रतिशत, खाना खाए पछि हात धुने २.९७ प्रतिशत, खाना अघि र पछि हात धुने २.९७ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने २.९७ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने २.९७ प्रतिशत रहेका छन्। सबै अवस्थाहरुमा हात धुने घरपरिवारहरु ८४.३९ प्रतिशत रहेका छन्। अर्थात अहिले पनि माथिका सबै अवस्थामा हात धुने बानी व्यवहारत प्रचलनमा नभएको पाईयो।

हात धुंदा के प्रयोग गर्नुहुन्छ भनेर हेर्दा प्रायः जसो घरपरिवारले (९९.९३%) साबुन पानीको प्रयोग गर्ने र १ घरपरिवारले (०.०७%) ले खरानी पानीको प्रयोग गर्ने गरेको पाईयो।

## ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल १३७० घरपरिवारहरु मध्ये ९९.४२% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने ०.५८% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)




घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्नेहरुमा ट्युबवेल प्रयोग गर्ने ६ (०.४४%) घरपरिवार र इनार/कुवा/जरुवा प्रयोग गर्ने २ (०.१५%) घरपरिवार रहेका छन्।

यस वडाका धैरैजसो घरपरिवारको घरमै धारा भएको पाईयो। घरमै धारा भएका बाहेकका २ परिवार अर्थात ०.१५ प्रतिशतले मात्र १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

| घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दुरी** | **घरधुरीबाट मूख्य स्रोत सम्मको दुरी (प्रतिशतमा)** | **घरधुरी संख्या** | **कैफियत** |
| १ | घरमै भएको | ९९.८५% | १३६८ | |
| २ | १५ मिनेट | ०.१५% | २ | |
| ३ | १५ देखि ३० मिनेट | ०.००% | ० | |
| ४ | ३० मिनेट भन्दा बढी | ०.००% | ० | |
| ५ | No Answered | ०.००% | ० | |
| **जम्मा :** | | १००.००% | **१३७०** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु ७९५ घरपरिवार (५७.५३%) र श्रोतमा नै शुद्ध पानी उपलब्ध हुन्छ भन्नेहरु ५६६ घरपरिवार (४०.९६%) छन्। उमालेको र केही नगरी पिउने गर्नेहरु क्रमशः २० र १ घरपरिवार रहेका छन्। यहाँ परिवारहरुले एक भन्दा बढि शुद्धीकरण बिधि प्रयोग गरेको पाईएको छ। उक्त विवरण प्रतिशत सहित तलको तालिकामा प्रस्तुत गरिएको छः





खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा २ रहेको छ जस्मा १ परिवारमा टाईफाईट र अर्को १ परिवारमा हैजाको संक्रमण भएको पाईएको छ।

# खण्ड ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडाका बालबालिका भएका घरपरिवारको महिला साक्षरता (६ वर्ष र माथिका) अवस्था विश्लेषण गर्दा २,६३५ (८९.६९ प्रतिशत) महिला साक्षर अर्थात लेखपढ गर्न सक्ने रहेका छन् भने ३०३ (अर्थात १०.३१ प्रतिशत) महिला अहिले पनि असाक्षर रहेका छन्।

६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.७३ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा धेरै रहेको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको कूल जनसंख्या १,१२५ जस्मा ३ (०.२७%) जना बालबालिकाहरु वडामा निरक्षर रहेका छन्।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|
| सामुदायिक | सिद्‌भार्थ माध्यमिक विध्यालय | (१-१२) | नगरपालिका रोड |
| संस्थागत | बाल जागृती ई. बो. मा. वि. | (१-१०) | |
| संस्थागत | ज्ञानोदय बालबाटिका ई. बो. मा. वि. | (१-१०) | नगरपालिका रोड |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

### ५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको एक सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| क.सं | विद्यालयका नाम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | Total |

| | | | | |
|---|---|---|---|---|
| १ | सिद्धार्थ माध्यमिक विद्यालय (१-१२) | ६८५ | ६९४ | १३७९ |
| २ | बाल जागृती इ.बो.मा.वि (१-१०) | ६४६ | ८९४ | १५४० |
| ३ | ज्ञानोदय बालबाटिका इ.बो.मा.वि (१-१०) | | | |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको तथ्याङ्कमा यस वडा भन्दा बाहिरबाट पढ्न आएका विद्यार्थीहरु पनि भएको छ।

### ५.३.२ अध्ययनरत बिद्यार्थी विवरण


यस वडाका विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या जम्मा १,३०५ रहेका छन् जसमध्ये ६८७ बालक र ६१८ बालिका रहेका छन् अर्थात बालिका भन्दा बालकको संख्या अधिक छ। विभिन्न कक्षामा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | यौनिक तथा अल्पसंख्यक |
|---|---|---|---|
| ० देखि ५ कक्षा | ३२७ | ४१० | ० |
| ६ देखि ८ कक्षा | १०६ | १२३ | ० |
| ९ देखि १० कक्षा | १०२ | ९२ | ० |
| ११ देखि १२ कक्षा | ८३ | ६२ | ० |
| **जम्मा:** | **६१८** | **६८७** | **०** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धेरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् जहाँ ७३७ जना बालबालिका छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् जहाँ १४५ जना बालबालिका छन्। त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः २२९ र १९४ जना बालबालिका अध्ययनरत छन्।

माथिको विवरणमा सानो कक्षाहरुमा बालबालिका धेरै हुनु र माथिल्लो कक्षाहरुमा कम हुदै गएको देखिन्छ। यसका धेरै कारणहरु हुन सक्दछन्। ती कक्षाहरुमा उपश्थित बालक (छात्र) र बालिका (छात्रा) हरुको उपश्थिति प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः


| ५ देखि १४ वर्ष उमेरका बालबालिका | आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका |
|---|---|
| जम्मा | जम्मा |
| १००५ | ७८८ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको विवरण अनुसार कूल ५-१४ वर्ष उमेरका १,००५ बालबालिकाहरु मध्ये ७८.३७ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

## ५.४ विद्यालय पुग्न लाग्ने समय

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा प्रायः घरपरिवारको नजिक नै विद्यालय भएको देखिन्छ अर्थात ९४.९५ प्रतिशत घरपरिवारको १५ मिनेटको दुरीमा विद्यालय रहेको देखिन्छ। घरबाट विद्यालय सम्मको दुरी ३० देखि १ घण्टा सम्म ०.२६ प्रतिशत घरलाई लाग्ने देखिन्छ भने ४.८ प्रतिशत घरलाई १५ देखी ३० मिनेटको समय लाग्ने देखिन्छ। उक्त समयलाई पाइ चार्टमा तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क.सं | विद्यालयका नाम | खानेपानी सुविधाहरु |
|---|---|---|
| १ | सिद्धार्थ माध्यमिक विद्यालय (१-१२) | छ |
| २ | बाल जागृती इ.बो.मा.वि (१-१०) | छ |
| | ज्ञानोदय बालबाटिका इ.बो.मा.वि (१-१०) | छ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क.सं | विद्यालयका नाम | शौचालय व्यवस्था |
|---|---|---|
| १ | सिद्धार्थ माध्यमिक विद्यालय (१-१२) | भएको |
| २ | बाल जागृती इ.बो.मा.वि (१-१०) | भएको |
| | ज्ञानोदय बालबाटिका इ.बो.मा.वि (१-१०) | भएको |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क.सं | विद्यालयका नाम | आवश्यकिय सुविधाहरु | |
|---|---|---|---|
| | | खेलमैदान | कक्षा कोठा र फर्निचर |
| १ | सिद्धार्थ माध्यमिक विद्यालय (१-१२) | छ | छ |
| २ | बाल जागृती इ.बो.मा.वि (१-१०) | छ | छ |
| | ज्ञानोदय बालबाटिका इ.बो.मा.वि (१-१०) | छ | छ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.८ विद्यालय भर्ना नभएका बालबालिका

विद्यालय भर्ना नभएका बालबालिका जम्मा २१ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:

| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष |
|---|---|---|---|
| बालिका | २ | ० | २ |
| बालक | ० | १ | १६ |
| यौनिक तथा अल्पसंख्यक | ० | ० | ० |
| **जम्मा** | **२** | **१** | **१८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

तुलनात्मक रुपमा बालिका भन्दा धेरै बालक विद्यालय भर्ना नभएको पाईयो। १५-१८ वर्ष उमेर समूहका बालिका भन्दा बालकले विद्यालय भर्ना नभएको पाईयो। त्यस्तैगरी ३ जना अपाङ्गता भएका बालबालिकाहरु पनि विद्यालय भर्ना नभएको पाईयो।

### ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि यस नगरपालिकाको सम्बन्धित शाखाले लिएको घरधुरी सर्भेक्षणबाट प्राप्त विवरण अनुसार यस वडामा जम्मा ३ जना (२ बालक र १ बालिका) विद्यालय

छाडेका बालबालिका रहेका छन्। विद्यालय छोड्नु  पर्ने कारणमा बालश्रम र पारिवारिक समस्या (घर झैंझगडा) रहेको पाईएको छ।

### ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि यस नगरपालिकाको सम्बन्धित शाखाले लिएको घरधुरी सर्भेक्षणबाट प्राप्त विवरण अनुसार प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका ५ वर्ष मुनिका बालबालिकाको संख्या १७८ रहेको छ। जस्मा बालकको संख्या १०७ अर्थात ६०.११ प्रतिशत रहेको छ। ती बालबालिकाको प्रतिशत निम्नानुसार रहेको छः

| क्र.सं. | बाल बिकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | बालिका संख्या | ३९.८९% | ७१ |
| २ | बालक संख्या | ६०.११% | १०७ |
| ३ | यौनिक तथा लैंङ्गिक-अल्पसंख्यक संख्या | ०.००% | ० |
| | जम्मा : | १००% | १७८ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ६ वडामा बाल संरक्षण

## ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

**द्धन्द्ध पिडित बालबालिका**

२ नम्बर वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन अर्थात यस वडामा द्धन्द्ध पिडित बालबालिका छैनन्।

**जोखिममा परेका बालबालिका**

यस वडामा महामारीले ९९.७ प्रतिशत परिवार प्रभावित भएको हुँदा ती परिवारका बालबालिका बाल संरक्षणको जोखिम परेको देखिन्छ। साथै ८७ (६ प्रतिशत) परिवार ज्याला मजदुरी गर्ने वर्गमा पर्दछन् र उनीहरुका बालबालिका पनि जोखिममा रहेको देखिन्छ। ज्याला मजदुरी आफैमा न्यून आय हो र महामारीको मारमा उनीहरुको पेशा परेको कारण ज्याला मजदुरी गर्न नसकिने अवस्था श्रृजना हुन गई उनीहरुका बालबालिका संरक्षणको जोखिममा रहेको देखिन्छ। त्यस्तैगरी यस वडामा ७ देखि ९ महिना सम्मको लागि खान पुग्ने एक परिवार रहेको देखिन्छ र उक्त परिवार महामारीको प्रभावमा पनि परेको देखिन्छ। त्यसकारण उक्त परिवारको बालबालिका थप जोखिममा रहेको देखिन्छ।


## ६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

यस वडामा विस्थापित बालबालिका रहेको देखिएन।

## ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ९८ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने गालि गर्ने, कुटपिट गर्ने र हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने घरपरिवार क्रमशः १.८७, ०.०७ र ०.०७ प्रतिशत भएको पाईयो।

घरपरिवारमा आफ्नो छोराछोरी विच भेदभाव गरेको छ कि भनेर हेर्दा भेदभाव गर्ने घरपरिवार ३.३६ प्रतिशत भएको पाईयो र घरेलु काममा उनीहरुले आफ्नो छोराछोरी विच भेदभाव गर्ने गरेको पाईयो। त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धैरै सम्झाई बुझाई गर्ने र सबैभन्दा कम कान समातेर उठबस गर्ने र कक्षाकोठाबाट निष्काशन गर्ने जस्ता सजायहरु विद्यालयले दिने गरेको पाईयो। बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

गत एक वर्ष भित्र महिला तथा बालबालिका माथि घरपरिवारमा हिँसा तथा सामाजिक कुरीति सम्बन्धि कुनै घटना घटेको छ कि भनेर हेर्दा यस वडामा एउटा परिवारमा घरेलु हिँसाको घटना भएको पाईयो।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

वडा नम्बर २ मा जम्मा १ परिवारको १ जना बालक बालश्रमिकको रुपमा रहेको पाईयो। उक्त बालक १६-१८ उमेर समूह भित्रका थिए भने नीज होटल/पसलमा कार्यरत थिए। उनको कार्य समय ११ देखी १५ घण्टा रहेको देखिन्छ। उनी विगत ३ वर्ष देखि कार्यरत थिए। नीजले नगदमा तलब बुझ्ने गरेका थिए। उनको अभिभावकसंग वर्षमा १२ पटक भन्दा धेरै भेटघाट भएको पाईयो। उनी विद्यालय शिक्षामा नभएको पाईयो। होटल/पसलमा कार्य गर्दा गाली-गलौजको समस्या धेरै झेल्नु परेको पाईयो।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

बालबालिका भएको घरपरिवारहरु मध्ये १ प्रतिशत भन्दा कम घरपरिवारले बाल यौन शोषण भएको या नभएको थाहा छैन भनेको पाईयो भने ९९.६४ प्रतिशत घरपरिवारले बाल यौन शोषण भएको छैन भनेको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाइएन।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा १ जना बालक कुलतमा लागेको पाइएको छ।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन साथै १८ वर्ष मुनिको बालबालिकालाई लागेको दिर्घ रोगको कारण मृत्यु भएको पाईएन। जम्मा १९ घरपरिवारमा रहेका बालबालिकालाई दिर्घ रोग लागेको पाईएको छ जस मध्ये २ जना मुटु रोग, १ जना मृगौला र १६ जनालाई अन्य रोग लागेको पाईयो। अन्य भित्र न्यूमोनिया लगायत फोक्सोसंग संम्बन्धित रोग १२ जनालाई, TB (ट्युबरक्लोसिस) ३ जनालाई र १ जनालाई छारे रोग लागेको पाईयो।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

खाद्यान्न संकटमा पर्न सक्ने परिवार यस वडामा एक वटा रहेको छ। ७ देखी ९ महिना सम्म मात्र खान पुग्ने उक्त परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारको खाद्यान्न संकटको विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडाका २ बालिका र ५ बालक गरी जम्मा ७ जना बालबालिका संस्थागत हेरचाहमा रहेको पाईयो। मकवानपुर जिल्ला भन्दा बाहिर २ जना बालगृह र ५ जना होस्टलमा बसेको पाईयो। संस्थागत हेरचाहमा रहेको अवधि सम्बन्धि थप जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | संस्थामा बस्दै आएको समय | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | ० देखि ६ वर्ष | १४% | १ |
| २ | ७ देखि १० वर्ष | २९% | २ |
| ३ | ११ देखि १४ वर्ष | ४३% | ३ |
| ४ | १५ देखि १६ वर्ष | १४% | १ |
| ५ | १७ देखि १८ वर्ष | ०% | ० |
| | जम्मा : | १००% | ७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

पढाई र पारिवारीक आर्थिक अवस्थाको कारण बालगृह र होस्टलमा बस्नु परेको देखिन्छ। यसरी संस्थामा रहेका बालबालिकाहरुलाई वर्षमा २ पटक मात्र अभिभावहरुसंग भेट्न दिने गरेको पाईयो।

# खण्ड ७ वडाको आर्थिक विकास

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवार मध्ये ८७.२ प्रतिशत घरपरिवारहरु पेशामा आवद्ध छन्। व्यापार-व्यवसायलाई मुख्य पेशा बनाउने घरपरिवार सबैभन्दा धैरै रहेका छन् अर्थात ४२.% घरपरिवार व्यापार व्यावसायमा संलग्न छन् भने ३९ प्रतिशत सेवा-नोकरीमा संलग्न छन्। घरपरिवारको पेशाको अवस्था अर्थात संख्या र प्रतिशत निम्नानुसार छन्:


| क्र.सं. | परिवारको मुख्य पेशा/रोजगारी | प्रतिसत | संख्या |
|---|---|---|---|
| १ | कृषि-पशुपालन-फलफुल खेति | ३% | ४४ |
| २ | ब्यापार-व्यवसाय | ४२% | ५८१ |
| ३ | सेवा-नोकरी | ३९% | ५३३ |
| ४ | ज्याला मजदुरी | ६% | ८७ |
| ५ | विप्रेषण (विदेशबाट पठाएको रकम) | ४% | ५५ |
| ६ | अन्य | ५% | ७० |
| | जम्मा : | १००% | १३७० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाका घरपरिवारहरु मध्ये सबैभन्दा कम ४४ परिवार अर्थात ३ प्रतिशत कृषि-पशुपालन-फलफुल खेतिमा संलग्न छन्।

## ७.२ पारीवारिक जीविकोपार्जन सम्बन्धी विवरण

वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीको विश्लेषण गर्दा यस वडाको ७३२ (५३.४ प्रतिशत) परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखि १२ महिना सम्मको लागि खान पुग्ने परिवार संख्या ६३७ (४६.५ प्रतिशत) रहेका छन्। ७ देखि ९ महिना सम्मको लागि खान पुग्ने परिवार संख्या एक (०.१ प्रतिशत) रहेका छन् भने ६ महिना भन्दा कम समयको लागि खान पुग्ने परिवार कोही छैनन्। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवार मध्ये ६४.२८ प्रतिशत (८८० जना) १६ देखी ४० वर्षका युवाहरु विभिन्न पेशा/रोजगारीमा आवद्ध छन्। ती घरपरिवारका युवाहरु मध्ये कृषिमा ०.५१ प्रतिशत (७ जना), व्यापार व्यवसायमा २६ प्रतिशत (३५६ जना), जागिरमा ३२.७२ प्रतिशत (४४८ जना) र ज्याला मजदुरीमा ५.०४ प्रतिशत (६९ जना) आवद्ध छन्। तर उद्योग संचालनमा यस वडामा कुनै पनि परिवारका युवा संलग्न भएको पाईएन्।

### ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या २३४ अर्थात १७.१ प्रतिशत रहेको छ। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये ३५ प्रतिशत महिला र ६५ प्रतिशत पुरुष छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ६३.७ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ६३.७% |
| २ | ५ वर्ष भन्दा बढि | ३६.३% |


(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ वडाको प्रकोप अवस्था

## ८.१ प्रकोपको विवरण

बालबालिका भएको १३७० परिवारहरु मध्ये यस वडामा बिगत ३ वर्ष भित्र प्रकोपबाट पिडित भएका परिवारको संख्यालाई अध्ययन गर्दा ९९.७३ प्रतिशत परिवारहरु महामारीबाट प्रभावित भएको पाईयो भने ०.२७ प्रतिशत परिवारहरु अतिविष्टिबाट प्रभावित भएको पाईयो।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था शुन्य रहेको पाईयो। तर बिद्यालय आउँदा जाँदा बालबालिकालाई पहिरो र खोलाको जोखिमहरु भएको पाईयो जस्को विवरण प्रतिशतमा तल तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

बिगत ३ वर्ष भित्र प्राकृतिक प्रकोपबाट पिडित भएका परिवारको विवरण उपलब्ध छैन।

## ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।